# राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरीया , देउखुरी,दाङ लुम्बिनी प्रदेश नेपाल

पत्र सं चलानी नं मितिः

## नदीजन्य पदार्थको बिक्रीका लागि वोलपत्र आव्हान सम्वन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति २०८१ फागुन २७ गते

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क), लुम्विनी प्रदेश सरकारको आर्थिक ऐन २०८१ को दफा ८ र सो सँग सम्बन्धि अनुसुची ६, लुम्विनी प्रदेश को नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ एवम् गाउँकार्यपालिकाको आर्थिक ऐन २०८१ बमोजिम तपशिलमा उल्लेखित नदीको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदी जन्य पदार्थहरु उतखनन गरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बनदोबस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०८०/०८१ को करचुक्ता प्रमाणपत्र वा म्याद थप र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि नं | सूचना नं बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण घ.मि. | न्यनतम बोलपत्र रकम मु अ कर बाहेक | बोलपत्रर जमानत | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | आय २/०८१/८२ | राप्ती नदीको कटाहाघाट क बगर क्षेत्र | ३९००० घ.मि. | ११०३७०००/- | कवोल अंकको ५ प्रतिशत | ३०००/- |
| २ | आय ३/०८१/८२ | राप्ती नदीको कटाहाघाट ख बगर क्षेत्र | ३२००० घ.मि. | ९०५६०००/- | कवोल अंकको ५ प्रतिशत | ३०००/- |
| ३ | आय ४/०८१/८२ | राप्ती नदीको खुरुरीयाघाट बगर क्षेत्र | १६००० घ.मि. | ४५२८०००/- | कवोल अंकको ५ प्रतिशत | ३०००/- |
| ४ | आय ५/०८१/८२ | राप्ती नदीको बसन्तापुर क बगर क्षेत्र | २५००० घ.मि. | ७०७५०००/- | कवोल अंकको ५ प्रतिशत | १०००/- |
| ५ | आय ६/०८१/८२ | राप्ती नदीको बसन्तापुर ख बगर क्षेत्र | ३८४०० घ.मि. | १०८६७२००/- | कवोल अंकको ५ प्रतिशत | ३०००/- |
| ६ | आय ७/०८१/८२ | राप्ती नदीको बगरापुरघाट बगर क्षेत्र | १५०५० घ.मि. | ४२५९१५०/- | कवोल अंकको ५ प्रतिशत | ३०००/- |

## शर्तहरु

१.२०८१ सालमा यस गाउँपालिका दाङबाट गरिएको प्रारम्भिक वातावरणय मुल्याङकन (IEE) मा तोकिएको स्थलहरुबाट मात्र संकलन/उत्खनन् गर्नु पर्नेछ।

Email : info@raptimundang.gov.np//raptiruralmunicipality@gmail.com
Website : http://raptimundang.gov.np
hello: 81/80/413077-082

२.ठेक्का लिन ईच्छुक फर्मले कबोल अंकको ५ (पाँच) प्रतिशत रकम बोलपत्र जमानत (धरौटी) राख्नु पर्नेछ। धरौटी वापतको रकम यस राप्ती गाउँपालिकाको कार्यालयको नाममा ग्लोबल आईएमई बैंक भालुबाङ शाखा, स्थित धरौटी खाता नं. **34001010000004** मा नगदै जम्मा गरेको वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० ( एक सय विस) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ।

३.बोलपत्र दस्तुर बुझाउँदा यस कार्यालयको राजश्व शाखा वा LLRP (local level revenue portal ) डाउनलोड गरी सोही माध्यमबाट वा ग्लोवल आईएम ई बैंकको sutra revenue module बाट मात्र बुझाउन सकिनेछ।

४.ठेकेदारले ठेक्का सम्झौता गर्न आउदा कबोल अङ्क को कम्तिमा ५० प्रतिशत नगद तथा बाँकी हुन आउने रकम बरावरको बैंक ग्यारेन्टी तथा १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ अग्रिम आयकर वापतले हुन आउने जम्मा रकम एकमुष्ट जम्मा गरी सम्झौता गर्नुपर्नेछ। किस्ताबन्दीमा रकम बुझाउने गरी संझौता गरिने छैन।

४.अदालतको आदेश/फैसलाबाट मिनाह दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकदारले ठेक्का संझौता पछि गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन र संझौता तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्ने छ।

५.यस सम्बन्धमा बिस्तृत जानकारीको लागि यस गाउँपालिकाको वेवसाईट www.raptimundang .gov.np मा हेर्नु हुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत